# तामाकोशी गाउँ कार्यपालिका

## बैठक नं. ५१

तामाकोशी गाउँपालिकाका अध्यक्ष श्री प्रोण प्रताप के.सी.को अध्यक्षतामा गाउँ कार्यपालिकाका सदस्य लगायत तपसिलको उपस्थितिमा मिति २०८२ जेठ २३ गते शुक्रबार बिहान ८:०० बजे बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र. स. | पद | नाम थर | हस्ताक्षर | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री प्रोण प्रताप के.सी. | | ९८४४०६१६६५ |
| २ | उपाध्यक्ष | श्री सृजना खड्का सुवेदी | | ९८४३८२७५३० |
| ३ | सदस्य (वडाध्यक्ष वडा नं. १) | श्री बसन्त बहादुर थापा क्षेत्री | | ९८५४०४५११९ |
| ४ | सदस्य (वडाध्यक्ष वडा नं. २) | श्री ईश्वर राज कार्की | | ९८४१७७७६६३ |
| ५ | सदस्य (वडाध्यक्ष वडा नं. ३) | श्री राम प्रसाद काफ्ले | | ९८५११४८०८३ |
| ६ | सदस्य (वडाध्यक्ष वडा नं. ४) | श्री नारायण खड्का | | ९८५११२४४६२ |
| ७ | सदस्य (वडाध्यक्ष वडा नं. ५) | श्री शम्भु प्रसाद फुयाल | | ९८५१२०४८५४ |
| ८ | सदस्य (वडाध्यक्ष वडा नं. ६) | श्री कृष्ण प्रसाद फुयाल | | ९८४८९३९८९८ |
| ९ | सदस्य (वडाध्यक्ष वडा नं. ७) | श्री खुस बहादुर सुनुवार | | ९८६०९१०१५७ |
| १० | सदस्य | श्री रिता पोखरेल | | ९७४२८५४६४९ |
| ११ | सदस्य | श्री सुनिता विश्वकर्मा | | ९८०७६९३४८८ |
| १२ | सदस्य | श्री ईन्दिरा कार्की | | ९७४५६७००९३ |
| १३ | सदस्य | श्री संगिता बि.क. | | ९८६३२३६२५४ |
| १४ | सदस्य | श्री नरध्वज सुनुवार | | ९८४४३०४४५४ |
| १५ | सदस्य | श्री सुमन मिजार | | ९८६१३७६८७३ |
| १६ | कार्यपालिकाको सचिव (नि.प्र.प्र.अ.) | श्री राज किशोर यादव | | ९८५१२४९२०४ |

Scanned with CamScanner

## तामाकोशी गाउँ कार्यपालिका

### बैठक नं. ५१

**मिति २०८२ जेठ २३ गतेको तामाकोशी गाउँ कार्यपालिकाको बैठकका प्रस्ताव तथा निर्णयहरु:**

**बैठकका प्रस्तावहरु:**

१. गृहणी महिला शसक्तीकरण कार्यक्रम सम्बन्धमा।
२. प्रमुख प्रशासकिय अधिकृतको निवेदन सम्बन्धमा।
३. प्रमुख प्रशासकिय अधिकृत तोकिदिने सम्बन्धमा।
४. न्यायिक सहजकर्ता सम्बन्धमा।
५. पहिरो नियन्त्रण सम्बन्धमा।
६. IEE गर्ने सम्बन्धमा।
७. बृहत खानेपानीको तार खरिद रकम भुक्तानी सम्बन्धमा।
८. गाउँसभाको तयारी सम्बन्धमा।

**बैठकका निर्णयहरु:**

१. बागमती प्रदेश सरकार संगको लागत साझादारिमा आ.व २०८१/०८२ मा सञ्चालन हुने गृहणी महिला शसक्तीकरण कार्यक्रम सञ्चालनको लागि ७ दिने सूचना मार्फत आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हान गरिएकोमा ३ वटा फर्मको प्रस्ताव पत्र पेश हुन आएकोमा सम्झौताको क्रममा उक्त सूचना प्रकाशन गर्दा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बिपरित भएकोले उक्त प्रस्तावपत्र रद्ध गरी सो कार्यक्रम वडागत रुपमा प्रति वडा अधिक्तम रु २ लाख ५० हजारका दरले वडा कार्यालय मार्फत वडा स्तरिय महिला सञ्चाल संगको समन्वयमा कार्यक्रम अगाडी बढाउने निर्णय गरियो।

२. हाल यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको रुपमा जिम्मेवारी बहन गर्दै आउनुभएको शिक्षा अधिकृत आठौ श्री विमल प्रसाद निरौलाले आफ्नो स्वास्थ्य समस्याको कारण देखाई मिति २०८२/०२/१९ गते बाट लागु हुने गरी शिक्षा शाखाको मात्र जिम्मेवारी नियमित गर्ने र प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गर्न नसक्ने अवस्था जनाउदै पालिका अध्यक्ष समक्ष लिखित निवेदन पेश गर्नुभएकोले निवेदकको माग बमोजिम निज विमल प्रसाद निरौला(क्र.स.न.१७९३३६) लाई प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी परिवर्तन गरीदिनहुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

३. (क) विमल प्रसाद निरौला(क्र.स.न.१७९३३६) ले प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गर्न नसक्ने भनि निवेदन दिनुभएको सो निवेदन उपर यसै बैठकको निर्णय न. २ बमोजिम स्विकृत समेत गरिसकिएको,आर्थिक बर्षको अन्तमा भुक्तानी कार्यमा अवरोध उत्पन्न हुने भएको र अन्य प्रशासनीक

कामकाजमा समेत बाधा उत्पन्न हुने हुदा अर्को प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गरीदिनहुन संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

(ख) संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था हुन नसकेमा यस कार्यालयमा स्वास्थ्य शाखामा अधिकृतस्तर छैठी तहमा कार्यरत कर्मचारी श्री अरुण कुमार मिश्र (कर्मचारी संकेत नं.१७०१३८) लाई आर्थिक अख्तियारी सहितको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी तोकीदिनहुनको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

४. न्यायिक सहजकर्ताको रुपमा यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री शारदा महतको राजिनामा स्विकृत भएकाले, गाउँपालिकाको न्यायिक समिति मार्फत सम्पादन हुने न्याय निरुपण सम्बन्धी कामकाजमा बाधा परेकाले बागमती प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालय हेटौँडालाई खाली पदको लागि विज्ञापन मार्फत पदपूर्तिको व्यवस्था गरिदिनहुन अनुरोध गर्ने निर्णय गरियो ।

५. तामाकोशी गाउँपालिका वडा न. ६ च्यामा स्थित सग्रे खेतको पहिरो नियन्त्रणको लागि प्रकोप व्यवस्थापन कोषबाट खर्च हुने गरी रु २ लाख ५० हजार विनियोजन गर्ने र उपभोक्ता समिति मार्फत निर्माण कार्य तत्काल अगाडि बढाउने निर्णय गरियो ।

६. यस गाउँपालिका सरहद भित्र रहेका नदिजन्य पदार्थ उत्खन्न, प्रशोधन साथै निकासी प्रयोजनाका लागि गोपीखोला तामाकोशी क्षेत्र, ढोलीखोला तामाकोशी क्षेत्र र खिम्ती तामाकोशी क्षेत्रमा प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE)तयार गरी सो का आधारमा समयभित्रै उक्त क्षेत्रमा दहतर बहतर आय ठेक्का प्रकृया अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने ।

७. आ.व २०८१/०८२ मा प्रदेश सरकारबाट प्राप्त अनुदान ठेक्का मार्फत तामाकोशी -०५ सहेरमा सञ्चालन भएको वृहत खानेपानी योजना शीर्षकमा रकम विनियोजन भई, डिपबोरिङ पम्प सेट र प्यानल वोर्ड व्यावस्थापनको लागि ठेक्का लागेकोमा, उक्त डिपबोरिङ मेसिन निकालेर नयाँ जडान गर्न डिप बोरिङमा प्रयोग भईरहेको पुरानो तार काम नलाग्ने अवस्थामा रहेको हुदा लागत स्टिमेटको आधारमा अधिकतम रु १ लाख सम्मको तार खरिदको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

८. गाउँसभाको लागि तपसिल बमोजिमको तयारी र समय निर्धारण गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

१. विद्यायन समितिः२०८२/०२/३० गते
२. बिषयगत समितिको बैठक : २०८२/०३/०२ गते देखी आवश्यक्ता अनुसार
३. लेखा समितिको बैठक: २०८२/०३/०५
४. गाउँकार्यपालिकाको बैठक : २०८२/०३/०६
५. गाउँसभा : २०८२/०३/१५ गते